नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २०३ २०७६ साल चैत १ गते शनिबार (14 Mar. 2020 Saturday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'कोभिड-१९' भित्रिन नदिन सरकार ... ३ पृष्ठमा : विदेशी 'सेल्फ क्वारेन्टाइन' ... ३ पृष्ठमा:श्वब्मिरी करिब एक लाख ३५ ...

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# छात्रवृति रकममा थप रकम जुटाई सबै बालबालिकालाई पोशाक बितरण



**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

सप्तरी सदरमुकाम राजविराजस्थित जिल्लाकै पुरानो विद्यालय मध्ये एक रमेश नारायण दास आर्दश प्राथमिक विद्या मन्दिरका छात्र छात्राहरुलाई शुक्रबार एक कार्यक्रमबीच पोशाक वितरण गरिएको छ ।

आयोजित कार्यक्रमका प्रमुख अतिथि प्रदेश २ का भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साह र अतिथि प्रदेश सभा सदस्य मनिषकुमार सुमनले छात्रछात्रालाई सो पोशाक बितरण गरेका हुन् ।

पोशाक वितरण कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री साहले यस्ता कार्यक्रमले बालबालिकालाई विद्यालयसम्म पहुँच पुऱ्याउन र शिक्षातर्फ आर्कषित गराउन ठुलो मद्दत पुग्ने बताए ।

शिक्षा बिना विकाशको परिकल्पना गर्न नसकिने बताउँदै मन्त्री साहले आगामी महिनादेखि प्रदेश २ सरकारले प्रदेश मातहतका सबै सामुदायिक विद्यालयमा अध्ययनरत अति विपन्न गरिब विद्यार्थीको पढाईमा सहयोग पुऱ्याउने उद्देश्यले मासिक ५/५ सयका दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरेको जानकारी समेत दिए ।

यस्तै कार्यक्रममा प्रदेश सभा सदस्य मनिषकुमार सुमनले विद्यालयको शिक्षामा सुधार भएमात्र देशमा समृद्धि हासिल हुने भन्दै मधेशको शिक्षालाई आधुनिक प्रविधि मैत्री बनाई अगाडी बढनुपर्नेमा जोड दिए । उनले राजविराजको मुटुमा रहेको पुरानो विद्यालयमा स्तरिय पठन पाठन तथा विपन्न बालकालिकालाई विशेष सुविधा दिएर पनि विद्यालय भर्ना गर्नु जरुरी रहेको धारणा राखे ।

यता सो विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बैजु जोशीले विद्यार्थीहरुका लागि नेपाल सरकारबाट प्राप्त भएको रकममा विद्यालय परिवारले थप सहयोग जुटाई विद्यार्थीलाई पोशाक उपलब्ध गराउने निर्णय गरिएको जानकारी दिए ।

नेपाल सरकारबाट दलित तथा छात्रवृति वापत प्रति विद्यार्थीका लागि प्राप्त ४/४ सय रुपैयामा ५/५ सय रुपैया थप रकम जुटाई विद्यालयमा अध्यनरत सबै ८५ जना बालबालिका लागि पोशाक खरिद गरिएको उनले बताए ।

आयोजित कार्यक्रममा राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, नागरिक समाजका अध्यक्ष थानसिंह भंसाली, उद्योग बाणिज्य संघका कोषाध्यक्ष प्रमोद कावरा, वडाध्यक्ष मांगीलाल नाई लगायतले समेत बालबालिकालाई पोशाक हस्तान्तरण गरेका थिए ।

# अत्याधिक मदिरा सेवनबाट ६ को मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, ३० फागुन ।**

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका २ स्थित रमदैया भवाडीमा अध्याधिक मदिरा सेवनबाट बिहीबार राति ६ जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा क्षिरेश्वरनाथ नगरपालिका २ रमैदयाका ३५ वर्षीय बह्मदेव यादव, ३० वर्षीय राजु महरा, ३६ वर्षीय गुदरी महरा, ३० वर्षीय रामनारायण महरा, ४२ वर्षीय बिलास मण्डल र परवाहाका गिरिजानन्द झा रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरका अनुसार होली पर्वमा अत्यधिक घरेलु मदिरा सेवनको उनीहरूको मृत्यु भएको जनाएको छ ।

# पोखरीमा युवतीको शव फेला

**दैनिक समाचारदाता**
**धनुषा, ३० फागुन ।**

जनकपुरधामस्थित गोरधोइ पोखरीमा २५ वर्षीया रोशनी खातुनको शुक्रबार एक पोखरीमा शव फेला परेको छ ।

स्थानीय पेठिया बजारमा कपडा पसल सञ्चालन गर्दै आएकी रोशनी खातुन दुई दिनदेखि हराइरहेकी थिइन् ।

शुक्रबार बिहान घुम्न निस्केका मानिस पोखरीमा तैरिरहेको अवस्थामा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । सो घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# जमाबि पकरीको ब्यबस्थापन समितिमा सन्तोष यादवको समूह बिजयी

**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

सप्तरीको महदेवा गाउँपालिका १ स्थित नरबहादुर थापा जनता माबि पकरी गोठ सोनराको शुक्रबार सम्पन्न बिद्यालय ब्यबस्थापन समितिको निर्वाचनमा सन्तोष यादवको समूह बिजयी भएका छन् ।

बिद्यालय ब्यबस्थापन समितिको चार जना सदस्य पदका लागि निर्वाचन भएको हो ।

बिद्यालय ब्यबस्थापन समितिको लागि दुई जना सदस्य तथा दुई जना महिला सदस्य

***बाँकी अन्तिम पृष्ठमा***

# राष्ट्रिय दुग्ध विकास बोर्डको निर्देशकमा सप्तरीका डा. यादव

**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारिणी निर्देशक सप्तरीका डा. राजेन्द्र प्रसाद यादव नियुक्त भएका छन् ।

सप्तरीको राजगढ गाउँपालिका २ कमलपुर बनैनिया निवासी डा. यादव नेपाल सरकारले मन्त्री परिषदको बैठकबाट बोर्डको निर्देशक पदमा नियुक्त गर्ने निर्णय गरेको हो ।

नियुक्ति पछि शुक्रबार संचारकर्मीहरुसँग कुरा गर्दै डा. यादवले आफ्नो कार्यकालमा दुध उत्पादन क्षेत्रको विकास, विस्तार, शुद्धता कायम तथा डेरी क्षेत्रलाई व्यवस्थित गरी आम उपभोक्तालाई राहत प्रदान गर्ने मुख्य प्राथमिकता रहने बताए । उनको कार्यकाल चार वर्षको हुनेछ ।



**राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारिणी निर्देशक डा. राजेन्द्र प्रसाद यादव**




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### घरेलु जनशक्ति उत्पादनतर्फ ध्यान पुगोस्

स्वदेशमा रोजगारी नपाएर यूवाहरु विदेश पलायन हुँदै गएपछि अहिले स्वदेशमा घरेलु जनशक्तिको अभाव भएको छ । जसकारण स्वदेशमा विभिन्न कामका लागि घरेलु जनशक्ति नहुँदा छिमेकी मुलुक भारतबाट जनशक्ति ल्याउनु पर्ने बाध्यता समेत बढेको छ । यसको असर सबैभन्दा बढी कृषि क्षेत्रमा परेको छ । खेती गरिने समयमा घरेलु कामदार नपाउँदा भारतबाट भाडामा ल्याउनु पर्ने बाध्यता उत्पन्न भएको छ ।

स्वदेशमा रोजगारीको अवसर सृजना हुननसक्दा अहिले यूवाहरु कामका लागि विदेश जानु पर्ने भएकोले घरेलु कामदारहरुको अभाव भएको छ । तीनै तहका सरकारले यूवाहरुका लागि स्वदेशमै रोजगारीको अवसर सृजना गर्ने वातावरण बनाउन सके यूवाहरु विदेश नजाने तथा बाहिरी कामदारलाई दिइने पारिश्रमिक समेत स्वदेशमै रहन्छ । तर, हाल कुनै त्यस्तो व्यवस्था हुन नसक्दा बाध्य भई यूवाहरु विदेश जाने गरेका छन् । हुन त युवाहरु बैदेशिक रोजगारमा जान थालेपछि समाजमा निकै आमुल परिवर्तनहरु भएको छ । तर, समाजमा केही विकृतिहरु समेत बढेको देखिन्छ ।

तसर्थ मुलुकमै रोजगारीको अवस्था सृजना गर्ने वातावरण बनाउन सकियो भने ती युवाहरु खेती गर्ने समयमा घरेलु कामदार तथा अन्य समयमा राज्यको हरेक काममा सेवा दिने सक्ने कुरामा दुईमत नहोला ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'कोभिड-१९' भित्रिन नदिन सरकार उच्च तयारीमा : सङ्क्रमण फैलिएको थप केही देशको भिसा रोक्ने निर्णय

काठमाडौँ, ३० फागुन (रासस) ।

विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ) ले कोराना भाइरस ( कोभिड-१९) लाई विश्वव्यापी महामारीको रुपमा घोषणा गरेपछि मुलुकको सम्भावित जोखिम रोक्न सरकारले सङ्क्रमण फैलिएका थप देशको अन अराइभल भिसा रोक्ने निर्णय गरेको छ । चीनबाट फैलिएर युरोपियन र केही मध्यपूर्वका देशमा समेत कोभिड-१९को सङ्क्रमण बढेकाले थप देशको भिसा रोक्ने निर्णय भएको सरकारका प्रवक्ता डा युवराज खतिवडाले जानकारी दिनुभयो ।

"शुरुमा पाँच मुलुकबाट आउने भिसा रोक्ने भनेकोमा अझै केही थप देशहरुको भिसा रोक्ने निर्णय भएको छ", कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथाम उच्चस्तरीय समन्वय समितिको बैठकले गरेको निर्णय सुनाउँदै प्रवक्ता डा खतिवडाले जानकारी दिनुभयो ।

थप कुनकुन देशको भिसामा रोक लगाइएको हो भन्ने बारेमा भने उहाँले खुलाउनु भएन । सूचना एकद्धार प्रणालीबाट जाने भएकाले समितिको सचिवालयले त्यसको आधिकारिक निर्णय सार्वजनिक गर्ने मन्त्री खतिवडाले बताउनुभयो । उहाँले हवाई उडानमा भने कटौती नगरिएको जानकारी दिनुभयो । भिसा रोकिएपछि स्वतः कटौती हुने उहाँले बताउनुभयो । यसअघि सरकारले चीन, इरान, इटाली, फ्रान्स जर्मनी, स्पेन, दक्षिण कोरिया र जापानको अन अराइभल भिसामा रोक लगाएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बिहीबार बसेको समितिको बैठकमा डब्लुएचओले महामारीको रुपमा घोषणा गरेपछिको उत्पन्न जोखिमको समीक्षा गरी नेपालमा गर्नुपर्ने आवश्यक तयारीका विषयमा थप छलफल भएको थियो । छिमेकी मुलुक भारतमा पनि संक्रमणको सङ्ख्या बढ्दै गएको अवस्थामा बिहीबारको बैठकले थप उच्च सतर्कता अपनाउने निर्णय गरेको अर्थमन्त्री एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रहनुभएका प्रवक्ता डा खतिवडाले जानकारी दिनुभयो ।

भारतले आफ्नो देशको नाकामा नियमन गर्दै खास नाकाबाट आवागमन खोल्ने निर्णय गरेकाले नेपालतर्फबाट पनि त्यही नाका प्रयोग गरिने भएको छ । त्यसको आवश्यक प्रक्रिया मिलाउन गृह र परराष्ट्र मन्त्रालयलाई जिम्मा दिइएको उहाँले जानकारी दिनुभयो । पछिल्लो दिनमा समितिको बैठक नियमित जसो बस्दै आएको छ । बुधबार मात्रै सर्वदलीय बैठक बसेर रोग भित्रिन नदिन उच्च सचर्कता अपनाउने निर्णय भएको थियो ।

**थप पूर्वतयारीमा सरकार**

अहिलेसम्म मुलुकमा कुनै सङ्क्रमण भएको छैन । विश्व स्वास्थ्य सङ्गठनले नेपाललाई उच्च जोखिम क्षेत्रमा राखेको अवस्थामा सङ्क्रमण भइहालेमा त्यो बेलाको तयारीका लागि अहिलेदेखि नै क्वारेन्टाइन सेन्टर र आइसोलेसन वार्ड तथा उपकरणहरु र उपचारका लागि चाहिने यन्त्रहरुको आपूर्ति बढाउने निर्णय बैठकले गरेको छ ।

"पूर्वतयारी स्वरुप त्यस्तो सेन्टर बनाउँदा सम्भव भएसम्म घना वस्तीभन्दा पर तयारी गर्ने निर्णय भएका छ, त्यसको आवश्यक प्रक्रिया स्वास्थ्य मन्त्रालयले मिलाउने भनिएको छ", मन्त्री डा खतिवडाले भन्नुभयो । आवश्यक परेमा सुरक्षाकर्मीले तत्कालै संरचना बनाउन सक्ने गरी जाने गरी तयारी थाल्ने बैठकको निष्कर्ष छ ।

पूर्वतयारी स्वरुप मेडिकल कलेजका स्वास्थ्यकर्मी, रेडक्रस, स्काउट तथा मेडिकल क्षेत्रका सामाजिक संस्थाका प्रतिनिधिलाई स्वयंसेवकको रुपमा परिचान गर्ने गरी तयारी अवस्थामा राख्ने निर्णय पनि बैठकले गरेको छ । सङ्क्रमण नदेखिँदासम्म विद्यालय र परीक्षा भने नियमित सञ्चालन गरिने भएको छ । मन्त्री डा खतिवडाले भन्नुभयो, "कुनै समस्या आएमा तत्कालै स्कुल बन्द गर्न सक्ने गरी निर्णय लिएर जाने कुरा भएको छ, अहिले नै बन्द गर्ने निर्णय भने भएको छैन ।"

उहाँले सरकारकातर्फबाट सार्वजनिक समारोह, भेला कम गर्ने र सामाजिक रुपमा विवाह भोजहरु कम गरी आफैँ पनि सतर्कता अपनाउन सार्वजनिक अपिल गर्ने निर्णय गरेको जानकारी दिनुभयो । समितिका संयोजक उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलको अध्यक्षतामा उक्त बैठक बसेको थियो ।

# मेडिकल कलेजको प्रक्रियाले गति लिएपछि उत्साह

महोत्तरी, ३० फागुन (रासस) ।

आफ्नो ठाउँमा मेडिकल कलेजको निर्माण प्रक्रियाले गति लिएपछि बर्दिवास नगरपालिका क्षेत्रमा उत्साह छाएको छ । बर्दिवास मेडिकल कलेजको भौतिकपूर्वाधार निर्माण प्रक्रिया एकपछि अर्को चरणमा अघि बढेपछि यहाँ उत्साह छाएको हो ।

कलेज निर्माणको प्रक्रियामा भर्खरै वातावरणीय प्रभाव मूल्याङ्कन (इआईए) सम्बन्धी मस्यौदामा सरोकारवालाको सुझाव सङ्कलनको काम सकिएको छ । अहिलेसम्म प्राप्त सबै सुझाव भवन निर्माणका लागि प्रस्ताव गरिएको बर्दिवास-४ माइस्थान क्षेत्र उपयुक्तहुने नै सुझाव आएका मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालयले जनाएको हो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले एक हजार शचयाको अस्पतालसहित कलेज भवननिर्माण गर्न प्रस्ताव गरेको माईस्थानको १०१ हेक्टर क्षेत्रफलको जग्गामा संरचना निर्माण प्रयोजनको माटो परीक्षणको कामसमेत विज्ञले सम्पन्न गरेका कार्यालय प्रमुख उपसचिव देवीप्रसाद सुवेदीले जानकारी दिनुभयो ।

"अब कलेजको भौतिकपूर्वाधार निर्माणको चरणमा प्रवेश पक्का भयो, भर्खरै गत साता इआईए मस्यौदामा सरोकारवालाको सुझाव सङ्कलनको काम सकिएको छ" उहाँले भन्नुभयो, "विज्ञटोलीले भौतिकपूर्वाधार निर्माण प्रयोजनको माटो परीक्षणको प्रतिवेदन मन्त्रालयमा दिइसकेको हुँदा अब प्रक्रिया विस्तृत कार्ययोजना प्रस्ताव (डिपिआर) तयार गर्ने चरणमा प्रवेश गरेको छ ।" कलेजको भौतिकपूर्वाधार निर्माणका लागि वन तथा भू-संरक्षण मन्त्रालयको औपचारिक स्वीकृति पत्र लिने काम प्रक्रियामा रहेको कार्यालयले जनाएको छ ।

भौतिकपूर्वाधार निर्माणको चरण प्रवेश गरिना साथ पहिलो चरणमा तत्काल ८.३५ हेक्टर क्षेत्रफलमा भौतिक संरचना विस्तार गरिने र यस क्रममा प्रस्तावित क्षेत्रका ३०० रुख कटान गरिने इआईएप्रति वेदनमा उल्लेख छ । विगतका खयरमारा, माईस्थान, गौरीवास, बर्दिवास, हाथीलेट, बिजलपुरा, किसाननगर र पशुपतिनगरसहतिका गाविस (हालबर्दिवास नगरपालिकामा गाभिएका) मात्र नभएर जिल्लाकै भङ्गाहा, औरही, रामगोपालपुर र गौशाला एवं छिमेकको धनुषा जिल्लाको मिथिलानगरपालिका क्षेत्रमा पनि बर्दिवासमा मेडिकल कलेज स्थापनाको कुराले उत्साह थपेको छ ।

"बर्दिवास हाम्रो दैनिकप्रयोजनको बजार नै हो, हामीले समेत सेवा लिइरहेका सरकारी कार्यालय बर्दिवासमा छन्", भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जीवकुमार साहले भन्नुभयो, "बर्दिवासमा बन्ने मेडिकल कलेजले जिल्ला मात्र नभएर ओरपरका सबै जिल्ला विभिन्न क्षेत्रबाट लाभान्वित हुनेछन्, मुख्यतः शैक्षिक प्रसारले नै राम्रो गति लिनेछ ।" पश्चिममा पर्सादेखि पूर्वमा सप्तरीसम्मको प्रदेश नं २ को करीब मध्यभेगमा बर्दिवास पर्ने हुनाले प्रत्येक प्रदेशमा एक मेडिकल कलेज स्थापनाका लागि सरकारले यहाँ उचित ठाउँ छनोट गरेको छिमेकको धनुषा जिल्लाको मिथिला नगरपालिकाका उपप्रमुख तारा बस्नेत बताउनुहुन्छ ।

त्यसैगरी बर्दिवाससँगै सीमा जोडिएको सर्लाहीको ईश्वरपुर नगरपालिकाका प्रमुख मनोज देवकोटाले बर्दिवासमा मेडिकल कलेज सञ्चालन हुनासाथ आफूकहाँ त्यसको सकारात्मक सन्देस प्रवाह हुने बताउनुभयो । सरकारले आर्थिक वर्ष २०७३/७४ मा प्रदेशमा एउटा मेडिकल कलेज स्थापना गर्ने नीति बनाएअनुसार २०७५ साल फागुन ३ गतेको मन्त्रिपरिषद् बैठकले कलेज स्थापनाका लागि कार्यालय खोल्ने सहमति दिएपछि बर्दिवासमा गत वैशाख १८ गते नै बर्दिवास मेडिकल कलेजको भौतिकपूर्वाधार निर्माण विकास आयोजना कार्यालय स्थापना भएर अहिले सञ्चालनमा छ ।

सङ्घीय सरकारले कलेजका लागि गत आर्थिक वर्ष २०७५/७६ र चालू आब २०७६/७७ मा रकम विनियोजन गरेको छ । कार्यालयका प्रमुख सुवेदीका अनुसार गत आर्थिक वर्ष २०७५/७६ र चालु आव २०७६/७७ मा गरी कलेज पूर्वाधार विकासका लागि करिब रु १० करोड ८७ लाख विनियोजित रहेको छ ।

कलेजले यसै रकमबाट कलेज पूर्वाधार निर्माणका प्रारम्भिक काम (कार्यालय सञ्चालन, इआईए प्रतिवेदन, माटो परीक्षण, विस्तृत कार्य योजना प्रस्तावसहित) मा खर्च गरिरहेको छ । कलेजको भौतिकपूर्वाधार निर्माण प्रक्रियाको पाटोमा अहिले मन्त्रालयबाट मास्टरप्लान स्वीकृत भई विस्तृतकार्य योजना प्रस्ताव ( डिपिआर) बनाइने चरणमा पुगेको कार्यालय प्रमुख सुवेदी बताउनुहुन्छ ।

सबै भौतिक पूर्वाधार निर्माण र सञ्चालनसम्म पुग्दा अनुमानित रु १५ अर्ब खर्च हुने अनुमान गरिएको सुवेदीको भनाइ छ । बर्दिवासमा मेडिकल कलेजको कामले गति लिएसँगै बजार विस्तार र नयाँ घर बस्ने क्रम पनि ह्वात्तै बढेको छ । खासगरी बर्दिवासका वडा नं १, २ , ३ र १४ बाहेक यसअघि खासै आकर्षणमा नरहेको हाल वडा नं ४ को पुरानो माईस्थान गाबिस क्षेत्रका भित्री पाखासम्म जग्गा किनबेच अहिले ह्वात्तै बढेको छ । आफ्नो ठाउँ आकर्षणको केन्द्र बन्दै जाँदा खानेपानी, सडक सञ्जाल, विद्यालय र स्वास्थ्यजस्ता सेवा पनि विस्तार हुँदै गएका माईस्थानका सामाजिक, राजनीतिक कार्यकर्ता सोम कार्कीले बताउनुभयो ।

# 'कोभिड-१९' प्रभावः श्रम स्वीकृति अनिश्चितकालका लागि स्थगन

काठमाडौं, ३० फागुन (रासस)। कोभिड-१९ (कोरोना) भाइरसले विश्वव्यापी रूपमा प्रभाव पार्दै गएपछि सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई दिइने श्रम स्वीकृति अनिश्चितकालसम्मका लागि स्थगन गरेको छ।

नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बिहीबारको बैठकले 'अर्को सूचना नभएसम्म वैदेशिक रोजगारका लागि दिइने श्रम स्वीकृति स्थगन गर्ने' निर्णय गरेपछि श्रम स्वीकृति प्रदान गर्ने कार्य शुक्रबारदेखि स्थगित गरिएको वैदेशिक रोजगार कार्यालय ताहचलका प्रमुख उमेश बस्नेतले जानकारी दिनुभयो।

नेपालको प्रमुख श्रम गन्तव्य मुलुक दक्षिण कोरिया, मलेसिया, कतार, संयुक्त अरब इमिरेट्स (युएई), ओमन, बहराइन, कुवेतलगायतमा कोरोना भाइरस देखिएपछि ती मुलुकमा नेपाली कामदार नपठाउन सरकारलाई तीव्र दबाव परेको थियो। श्रम मन्त्रालयले यसअघि नै श्रम स्वीकृति स्थगन गर्ने तयारी गरेपनि निर्णय हुन सकेको थिएन।

सरकारले दक्षिण कोरियामा मार्च महिनाभर श्रमिक नपठाउने निर्णय गरिसकेको छ। कोरानाको सङ्क्रमण बढ्न नदिन कतारले यसअघि नै नेपालीसहित १४ देशका नागरिकलाई प्रवेशमा रोक लगाइसकेको छ भने कुवेतले पनि भिसा दिन बन्द गरेको छ।

बुधवार विश्व स्वास्थ्य स्वास्थ्य सङ्गठन (डब्लूएचओ)ले कोरोना भाइरसलाई महामारीको घोषणा गरेको थियो। कोरोनाभाइरसबाट बच्नका लागि अन्य देशहरूले पनि आवश्यक सतर्कता अपनाउँदै अन्तराष्ट्रिय हवाई उडान र आवतजावतमा प्रतिबन्ध लगाएका छन्।

# कोरोना भाइरसको शङ्का लागेपछि युक्रेनी दम्पतीलाई भारत फिर्ता

भद्रपुर, ३० फागुन (रासस)। पूर्वीनाका काँकडभिट्टाबाट नेपाल भित्रिएका एक युक्रेनी दम्पतीलाई कोराना भाइरस (कोभिड-१९) को सङ्क्रमणको लक्षण देखापरेपछि भारततर्फ नै फर्काइएको छ।

बिहीबार २:३० बजे नेपाल प्रवेश गरेका ३४ वर्षीय एन्ड्रिन लार्जेगन र उनकी पत्नी ओलेना क्लिन्कोलाई नाकामा राखिएको हेल्प डेक्समा जाँच गर्दा १०० डिग्रीभन्दा बढी ज्वरो र रुखाखोकीसमेत लागेको पाइएको मेचीनगर स्वास्थ्य शाखा प्रमुख शशिकला राईले जानकारी दिनुभयो।

उनीहरुमा कोरानाको लक्षण देखापरेपछि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको आइसोलेशनमा पठाउन खोजिएको थियो। उनीहरुले ओइसोलेशनमा बस्न जान नमानेपछि बाध्य भएर भारत नै फर्काइएको अध्यागमन कार्यालय झापाका प्रमुख जनक कोइरालाले बताउनुभयो।

"कोरानाका शङ्का लागेमा बिरामीलाई राख्न झापामा आइसोलेशन छैन", उहाँले भन्नुभयो, "हामीले धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको आइसोलेशनमा पठाउन खोजेको तर नमानेपछि भारततर्फ फर्काइदिऔं।" उहाँका अनुसार उनीहरु भारतको दिल्ली विमानस्थल हुँदै जनवरी १० तारिखमा भारत आएका थिए। भारतका विभिन्न स्थान घुमेर बिहीबार नेपाल प्रवेश गरेका हुन्।

### *जमाबि पकरीको ...*

पदका लागि १३ जना बिच चुनावी प्रक्रियाबाट छनोट गरिने विद्यालयका प्राधानाध्यापक प्रदिप कुमार चौधरीले जानकारी दिएका छन।

एक जना स्वतन्त्रसहित ४ जना खुल्लामा तथा दुई पदका लागि ६ जना महिला प्रतिस्पर्धामा रहेको महदेवा गाउपालिका विद्यालय निरिक्षक तथा निर्वाचन अधिकृत बिदुर बिक्रम थापाले जनाए।

सदस्य पदका लागि प्रतोष यादव, संतोष यादव र बिद्यान्नद यादव बिच कडा प्रतिस्पर्धा हुने भएको छ। सो विद्यालयमा १ हजार २७ जना अध्ययनरत रहेका छन्।

विद्यालय व्यवस्थापन समितिको चुनावमा ६ सय ४९ जना अभिभावक मतदान गरेको मध्ये ५ सय २२ जनाले मतदान गरेको निर्वाचन अधिकृत बिदुर थापाले जनाएको छ।

# बिपी कोइराला स्वास्थ्य प्रतिष्ठानमा हेल्प डेस्क स्थापना

धरान, ३० फागुन (रासस)। कोरोना सङ्क्रमण बिरामीको पहिचानका लागि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले 'हेल्प डेस्क' सञ्चालनमा ल्याएको छ। प्रतिष्ठानका निर्देशक प्राडा गौरीशङ्कर साहको नेतृत्वमा १२ सदस्यीय 'र्‍यापिड रेस्पोन्स टिम' बनाएको थियो। सो भाइरस सङ्क्रमण हुन नदिन र सङ्क्रमित भेटिए उपचार गर्न बिहीबार सो डेस्क स्थापना गरिएको निर्देशक प्राडा साहले जानकारी दिनुभयो।

उहाँले प्रतिष्ठानमा विशेष गरी ज्वारो तथा रुघाखोकी लागेर सेवा लिन आउने बिरामीलाई डेस्कले समन्वय गरी सहयोग गर्ने जानकारी दिनुभयो। भाइरसको सङ्क्रमण देखिएका बिरामीलाई 'आइसोलेशन वार्ड'मा राखिने प्रतिष्ठानले जनाएको छ। यसका लागि प्रतिष्ठानमा १० वटा शयया र तीन सघन उपचार कक्ष छुट्याएको छ।

चिकित्सकका लागि व्यक्तिगत सुरक्षाका सबै सामग्री उपलब्ध गराएको छ। सो वार्डका बिरामीको उपचारका लागि चिकित्सकका लागि एम ९५ मास्क, गाउन, चस्मा, थर्मो स्केललगायत सुरक्षाका सामग्री व्यवस्थापन गरिएको प्राडा साहले जानकारी दिनुभयो।

# ठूलो परिमाणको हतियारसहित विप्लव समूहका १४ जना पक्राउ

गाईघाट, ३० फागुन (रासस)। प्रहरीले उदयपुरको कटारी नगरपालिका-१ स्थित खसीबासको जङ्गलबाट ठूलो परिमाणको हातहतियारसहित नेत्रविक्रम चन्द समूहका १४ जना कार्यकर्तालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी उदयपुर, सशस्त्र प्रहरी र इलाका प्रहरी कार्यालय कटारीको संयुक्त टोलीले बिहीबार उनीहरुलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख प्रहरी नायब उपरीक्षक वीरबहादुर बुढामगरका अनुसार बुधबार नै धनुषाको गणेमानचारनाथ नगरपालिका-४ गौरीनाथको १४ वर्षीय बालिका करिना मोक्तानलाई अपहरण गरेर उदयपुर ल्याएको सूचनाको आधारमा बिहिबार प्रहरीले सो जङ्गलमा खोजी गर्दा ती १४ जनालाई हातहतियारसहित पक्राउ गरी अपहरणमा परेकी मोक्तानलाई उद्धार गरिएको हो।

पक्राउ पर्नेमा २० वर्षीय मुस्कान राई, २८ वर्षीय विवेश खड्का, १६ वर्षीय रिता कार्की, २० वर्षीय विकास राई, १७ वर्षीय आयुष मगर र १८ वर्षीय अविमान तामाङ छन्। यसैगरी २० वर्षीय आशिष लामा, १६ वर्षीय रञ्जना राई, १९ वर्षीय अनिता राई, १९ वर्षीय अनुश्का राउत, १७ वर्षीय सपना राई, ४६ वर्षीय मणीराज राई र १५ वर्षीय आशिष श्रेष्ठ रहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख बुढामगरले बताउनुभयो।

पक्राउ परेका चन्द समूहका कार्यकर्ताबाट तीन थान पेस्तोल, एक थान म्यागेजिन, ११ थान प्रेसरकुकर बम, ११ थान सकेट बम, तीन थान डेटोनेटर, तीन थान खुकुरी बरामद गरिएको प्रहरीले जनाएको छ। पक्राउ गरिएका १४ जनासहित उद्धार गरिएकी बालिकालाई प्रदेश नं २ का प्रहरी प्रमुख प्रधुम्न कार्कीको उपस्थितिमा उदयपुरबाट धनुषालाई बुझाइएको छ। बरामद गरिएका सबै हतियार नेपाली सेनाको टोलीले निष्कृय गरेको प्रहरीले जनाएको छ।

### *सबै स्थानीय ...*

केन्द्र स्थापना गरी उद्यमशील तथा रोजगारमूलक बनाउने मन्त्रालयको योजना रहेको प्रवक्ता पौडेलले जानकारी दिनुभयो।

मन्त्रालयले जोखिममा रहेकालाई स्थानीय तहमार्फत जीविकोपार्जनका कार्यक्रम सञ्चालन गर्न र पीडितलाई राहत तथा क्षतिपूर्ति दिन सबै प्रदेश तथा स्थानीय तहमा पुनःस्थापना कोषकोसमेत स्थापना गर्ने भएको छ। मन्त्रालयले सार्वजनिक गरेको आगामी कार्ययोजनामा भनिएको छ, "पीडितको तत्काल उद्धार तथा संरक्षण गर्नका लागि सबै स्थानीय तहमा अल्पकालीन पुनःस्थापना केन्द्र स्थापना गर्दै मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐनलाई समयानुकूल संशोधन गरिनेछ।" मानव बेचविखन तथा ओसारपसारमुक्त राष्ट्र निर्माण गर्ने मन्त्रालयको ध्येय रहेको छ।







देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np